# गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, कतार ।
## पांचौ राष्ट्रिय महाधिवेशन, २३ अगष्ट , २०१३, शुक्रवार, दोहा, कतार ।

# प्रतिबद्धता - पत्र

गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्व परिषद् कतारको आज मिति २३ अगष्ट २०१३मा सम्पन्न पााचौ राष्ट्रिय महाधिवेशन निम्न प्रतिबद्धताहरु व्यक्त गर्दछ ।

१) नेपाल सरकारले गैर आवासीय नेपाली सम्बन्धि बनाएको ऐन अनुसार अनुसार २ वर्ष विदेशमा बसेको नेपालीले मात्र गैर आवासीय नेपालीको मान्यता पाउने व्यवस्था लाई तत्काल खारेज गरि १८२ दिन अथवा ६ महिना भन्दा बढि समय विदेशमा बस्ने सबै नेपालीलाई गैर आवसीय नेपालीको मान्यता दिलाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ । साथै यसको सम्भावना सहित यथाशिघ्र संघ दर्ताको प्रकृयालाई अगाडी वढाउन जोडदार माग गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

२) नेपाली कला संस्कृति, नेपाली भाषा तथा साहित्यलाई प्रवर्धन गर्नको लागी कतारमा नेपाली सांस्कृतिक केन्द्र स्थापनार्थ लामो समय देखि चलिरहेको प्रयासलाई परिणममुखि वनाउन सदैव प्रयासरत रहने प्रतिवद्धता व्यक्त गर्दछ ।

३) बैदेशिक रोजगारलाई मर्यादित र व्यवस्थित गर्न नियमसंगत नभएका अनियमित कार्यहरुलाई निरुत्साहित पार्न कडा कानूनको व्यवस्था गरि कार्यन्वयन पक्षलाई मजबुत बनाउन समय सापेक्ष दवावमूलक कार्यहरुको पहिचान एव परिचालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

४) विभिन्न मुलुकमा छरिएर रहेका गैर आवासीय नेपालीहरुको अनिवार्य अभिलेख राख्ने र निशुल्क परिचय पत्र दिने व्यवस्था गर्नु पर्ने । विविध कारणले विदेशी नागरिकता लिएका तर मातृभूमि प्रतिको दायित्व बोधले ओतप्रोत भएका “ एक पटकको नेपाली सधैंका लागि नेपाली” हुन पाउनु पर्ने गैर आवासीय नेपालीहरुले नेपाल सरकारसंग गरेको माग प्रति एक्यबद्धता जनाउँदछ ।

५) बैदेशीक रोजगारमा जाने व्यक्तिहरुलाई आधारभूत स्वास्थ्य, कार्य सुरक्षा, भाषा, सिपमुलक कार्य दक्षता तथा अभिमुखीकरण तालिमहरुको अनिवार्य व्यवस्था गर्ने र यसको अनुगमनको उचित प्रबन्ध मिलाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

६) कामदार विदेश पठाउने प्रकियालाई ब्यवस्थित, प्रतिस्पर्धी र पारदर्शी बनाउनका लागि बैदेशिक रोजगार ऐनमा व्यवस्था गरिएको निर्देशक समितिमा गैरआवासीय नेपालीहरुको पनि प्रतिनिधित्व गराउने व्यवस्था गर्न पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

७) विदेश स्थित नेपाली नियोगहरु विषेश गरि श्रमिकहरुको बाहुल्यता रहेका देशहरुमा नेपालीहरुको उपस्थित संख्याको आधारमा आवश्यक कर्मचारी तथा भौतिक पुर्वाधार थप गरि श्रोत साधन सम्पन्न बनाई प्रभावकारि कार्य सम्पादन गराउन तथा दूतावास स्थापना नभएका राष्ट्रहरुमा अविलम्व दूतावास स्थापना गर्न नेपाल सकारसग जोडदार माग गर्दछ ।

८) बदलिदो सामाजिक परिवेशमा महिलाहरु पनि पुरुष सरह बैदेशीक रोजगारमा गइरहदा बिषेश गरि खाडी राष्ट्रमा महिला कामदारहरुको सुरक्षाको प्रत्याभूति हुने सांगठानिक क्षेत्रमा जान प्रोहोत्साहित गर्ने तथा घरेलु कामदारको रुपमा आएका महिलाहरुले भोग्नु पर्ने कठिनाई तथा समस्यहरुको वारेमा चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

९ ) गैर आवासीय नेपाली संघको पहलमा स्थापना भएको एनआरएन डेस्कलाई श्रमिक हकहितकोलागी नेपाली दुतावासमा अरवि भाषाका जानकार कर्मचारी थपगरी सुविधा सम्पन्न गराउन पहल गर्ने ।

१०) एनसीसी कतारले नेपाली राजदुतावास कतारसंगको समन्वयमा नेपालको श्रम कानून र कतारको श्रम कानून सम्बन्धि जानकारीमुलक कार्यक्रमको आयोजना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

११) विगतका वर्षहरुमा भएका कार्यहरुलाई निरन्तरता दिदै एनसीसी कतारले कतार स्थित नेपाली संघ/संस्थाहरुसंग समन्वय गर्दै यहाँका समस्या पहिचान र समाधानको लागि आवश्यक रुपमा छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजनाहरुलाई निरन्तरता दिने ।

१२) एनआरएनए एनसीसी कतार सूचना तथा प्रविधिको थप प्रयोग गर्दै आफ्ना गतिविधिहरुलाई अझ पारदर्शि तथा प्रभावकारी ढंगले अघि बढाउने प्रतिवद्धता व्यक्त गर्दछ ।